नियम संख्याः२/२०७९/०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/०३/१०

सान्नी त्रिवेणी गाउँपालिका

कार्यपालिकाको आर्थिक ऐन.२०७९

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी कालीकोट

कर्णाली प्रदेश

नेपाल

सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी,कालीकोट
कर्णालीप्रदेश
नेपाल

## स्थानीय तहको आर्थिक ऐन

# सान्नी त्रिबेणी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न,स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुटदिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२८को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) वमोजिम, सान्नी त्रिवेणी गाउँसभाले यो अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्वन्धी ऐन बनाई गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९साल श्रावण १ गते देखि सान्नी त्रिवेणी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले सान्नी त्रिवेणी गाउँपालिकाको "आर्थिक ऐन, २०७९"सम्झनुपछ ।

(ख) "कार्यपालिका" भन्नाले सान्नी त्रिवेणी गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका"भन्नाले सान्नीत्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

(घ) **"फर्म"** भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ङ) **"व्यक्ति"** भन्नाले यस ऐन वमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(च) **"सभा"** भन्नाले सान्नी त्रिवेणी गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(छ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

**३.सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि-१वमोजिम एकीकृत सम्पत्ति कर/धरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४.भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि-२ वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

५. **घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरैवा आंशिक तवरले वहालमा दिएकोमा **अनसूची-३वमोजिम** घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

६. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि-४** वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि-५** वमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

८. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, वन्जी जम्पिङ्ग,जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि-६वमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

९.**सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूचि-७** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०.**पर्यटन** शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूचि-८ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

११. **कर छुट** नहुने: यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाइ कुनै पनि किसिमको कर छुट दिइने छैन।

१२. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।कर तथा शुल्क संकलनका दरहरु ऐन तथा निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात स्थानीय तहमा लागु हुनेछ।

## अनुसूचि-१

(दफा ३ सँगसम्वन्धित)

एकिकृत सम्पत्ति कर/घर करका दरहरू

| क्र.सं. | करका क्षेत्र/बिवरण | दर रू. |
|---|---|---|
| १. | खरले छाना छाएको निजी आवासीय घर | रु. ५० प्रति वर्ष |
| २. | जस्ता, ढुंगाले छाना छाएको निजी आवासीय घर | रु. १०० प्रति वर्ष |
| ३. | पखांल, पिलर उठाई छाना ढलान गरिएको निजी घर | रु. ५०० प्रति वर्ष |
| ४. | पखांल, पिलर उठाई छाना ढलान गरिएको व्यापारिक उद्देश्यका । भाडामा लगाएको) घर | रु. १००० प्रति वर्ष |

**पुनश्च:** घर कर बापत लाग्ने कर आ.व. २०७४/०७५ देखि लागु भएको मानिनेछ र आ.व. २०७४/०७५ देखिको घर कर बुझाउन बाँकी हुन आउने रकम आ.व. २०७९/०८० को पौष मसान्त सम्म बुझाएमा बाँकी बक्यौता बापत जरिवाना पूरै छुट र जम्मा रकममा ५० प्रतिशत छुट हुनेछ ।

## अनुसूचि-२

(दफा ४ सँग सम्बन्धित)

भूमिकर (मालपोत) का दरहरू

| क्र.सं. | करका क्षेत्र/बिवरण | दर रू. |
|---|---|---|
| १. | सबै किसिमको भुमिको भुमिकर प्रति वर्ग मिटर | रु. ०.०३ |

पुनश्चः यो ऐन लागु हुदाका मिति भन्दा अघिल्ला वर्षहरुको तिनुपर्ने करमा जम्मा बाकी कर आ.व. २०७९।०८० को पौष मसान्तसम्ममा एकमुष्ट बुझाएमा जरिवाना पुरै मिनाहा र भूमिकर बापत हुने जम्मा करमा ५० प्रतिशत छुट हुनेछ ।

## अनुसूचि-३

(दफा ५ सँग सम्बन्धित)

घरबहाल करका दरहरू

| क्र.सं. | करका क्षेत्र/बिवरण | दर रू. |
|---|---|---|
| १. | घरायसी बास प्रयोजनको लागि दिइएको घर बहालबापत बहाल दरको जम्मा रकमको प्रति महिना | ५ प्रतिशत |
| २ | व्यवसायिक प्रयोजन, गोदाम आदिको लागि दिइएको घर बहालबापत बहाल करको जम्मा रकमको प्रति महिना | १० प्रतिशत |
| ३. | अन्य प्रयोजन प्रति महिना | १० प्रतिशत |

## अनुसूचि-४

(दफा ६ संग सम्बन्धित)

व्यवसाय करका दरहरू

| सि.नं. | करका क्षेत्र/विवरण | दर्ता वापत शुल्क | वार्षिक नविकरणवापत शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | किराना खुद्रा पसल | १००० | ५०० | |
| २ | होटल | १००० | ५०० | |
| ३ | औषधी पसल | २००० | १००० | |
| ४ | माछामासु पसल | १००० | ५०० | |
| ५ | एग्रोभेट पसल | १००० | ५०० | |
| ६ | स्टेशनरी तथा पुस्तक पसल | ५०० | ५०० | |
| ७ | कस्मेटिक पसल | ५०० | ५०० | |
| ८ | छपाइ पसल | ५०० | ५०० | |
| ९ | कपडा फेन्सी पसल | १००० | ५०० | |
| १० | इलेक्ट्रोनिक्स पसल | ५०० | ५०० | |
| ११ | फर्निचर उद्योग | २००० | १००० | |
| १२ | कपडा सिलाइ कटाइ | ५०० | ५०० | |
| १३ | भाडा पसल | ५०० | ५०० | |
| १४ | फलफूल तथा तरकारी पसल | ५०० | ५०० | |
| १५ | खच्चर ढुवानी सेवा | १००० | ५०० | |
| १६ | फोटो स्टुडियो | ५०० | २०० | |
| १७ | कुटानी पिसानी मिल | ५०० | २०० | |
| १८ | अन्न प्रशोधन उद्योग | १००० | ५०० | |
| १९ | निर्माण व्यवसायी | ५००० | २५०० | |
| २० | होम स्टे | २००० | १००० | |
| २१ | वित्तिय बैंक सञ्चालन | ३००० | २००० | |
| २२ | बहुउद्देशिय तथा एकल सहकारी संस्था | ३००० | १५०० | |
| २३ | जुत्ता सिलाउने पसल | ५०० | २०० | |
| २४ | ज्योतिष सेवा सञ्चालन | ५०० | २०० | |
| २५ | ढुङ्गा, बालुवा वा पत्थर सप्लाई व्यवसाय | १००० | ५०० | |
| २६ | फलामे आरन व्यवसाय | १००० | ५०० | |

## अनुसूची-५
(दफा ७ सँग सम्बन्धित)
### जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | जडिबुटि, वनजन्य अन्य खनिज पदार्थहरु प्रति के.जी. मुल्यको | ५% |
| २. | कवाडीविक्रि वापत प्रति के.जी. रु. | ११ |
| ३. | वनजन्य काठ(काठको प्रकृति र मुल्य अनुसार) प्रति क्यु.फिट रु | ५ देखि १०। |
| ४. | वनजन्य दाउरा, घाँस,पात संकलन गर्न प्रवेश शुल्क प्रति पटक (गा.पा.भित्रका) | १०। |
| ५. | वनजन्य दाउरा, घाँस,पात संकलन गर्न प्रवेश शुल्क प्रति पटक (गा.पा.वाहिरका) | ५०। |
| ६. | अन्य विशेष वहुमुल्य खनिज पदार्थहरु मुल्यको आधारमा प्रति के.जी. मुल्यको | २०% |

## अनुसूचि-६
(दफा८ सँग सम्वन्धित)
### ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १ | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, वन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गमा जाने नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | १०००। |
| २. | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, वन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गमा जाने विदेशी नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ३०००। |
| ३ | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, वन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गमा जाने नेपाली तथा विदेशी नागरिकको भरियाको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ३००। |

## अनुसूचि-७
### (दफा ९ सँग सम्बन्धित)

### सेवा शुल्क, दस्तुर

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | २००। |
| २ | मोही लगत कट्टा सिफारिस | १००। |
| ३ | घर कायम सिफारीस | ५००। |
| ४ | सर्जमिन सिफारिस | १००। |
| ५ | छात्रवृत्ती सिफारिस | १००। |
| ६ | विपन्न असहाय सिफारिस | नि:शुल्क |
| ७ | पिछडिएको क्षेत्र सिफारिस | १००। |
| ८ | अपाङ्गताको सिफारिस | नि:शुल्क |
| ९ | अस्थायी बसोबास सिफारिस | १००। |
| १० | स्थायी बसोबास सिफारिस | २००। |
| ११ | नागरिकताको सिफारिस वंशज/वैवाहिक अंगिकृत सिफारिस | ५०/५०० |
| १२ | विद्युत् जडान सिफारिस | १००। |
| १३ | धारा जडान सिफारिस | १००। |
| १४ | जिवित रहेको सिफारिस | १००। |
| १५ | दुवै नाम थर गरेको व्यक्ती एकै हो भन्ने वा जन्म मिति संशोधन सिफारिस | २००। |
| १६ | व्यवसाय बन्द सिफारिस | नि:शुल्क |
| १७ | कोर्ट फि मिनाहा सिफारिस | ५०। |
| १८ | नाबालक परिचय पत्र सिफारिस | ५००। |
| १९ | चौपाया सम्बन्धि सिफारिस | १०००। |
| २० | उद्योग ठाउँसारी सिफारिस | ५००। |
| २१ | विद्यालय ठाउँसारी | १०००। |
| २२ | विद्यालय सञ्चालन स्वीकृती | १००। |
| २३ | व्यक्तिगत सिफारिस नविकरण | १००। |
| २४ | जग्गा दर्ता सिफारिस | ५०। |
| २५ | संरक्षक सिफारिस | १००। |
| २६ | नेपाल सरकारको नाममा बाटो कायम भएको सिफारिस | नि:शुल्क |
| २७ | स्वास्थ्य उपचारको सिफारिस | ५००। |
| २८ | संस्था दर्ता सिफारिस | १००। |
| २९ | जग्गा धनि पुर्जा हराएको सिफारिस | १००। |
| ३० | अन्य सिफारिस वा प्रमाणित | १००। |
| ३१ | जिवित सगको नाता प्रमाणित सिफारिस | १००। |
| ३२ | मृतक सगको नाता प्रमाणित सिफारिस | ५००। |
| ३३ | आर्थिक सम्पन्नताको सिफारिस | १००। |
| ३४ | विपन्नताको प्रमाणित सिफारिस | ५००। |
| ३५ | जग्गा मूल्याङ्कन प्रमाणित सिफारिस | १००। |
| ३६ | चार किल्ला प्रमाणित | १००। |
| ३७ | जन्ममिति प्रमाणित | १००। |
| ३८ | घरबाटो प्रमाणित | १००। |
| ३९ | विवाह दर्ता प्रमाणित | १००। |
| ४० | घर पाताल प्रमाणित | १००। |
| ४१ | कागज मन्जुरिनामा | |

| | | |
|---|---|---|
| ४२. | हकवाला वा हकदार सिफारिस | १००। |
| ४३. | अविवाहित प्रमाणित | १००। |
| ४४. | अपुताली प्रमाणित | १००। |
| ४५. | घर नक्सापास सिफारिस दस्तुर | ५००। |
| ४६. | घर जग्गा बिक्रि सिफारिस | १००। |
| ४७. | नक्सापास निवेदन वा फाराम दस्तुर | १००। |
| ४८. | आन्तरिक बसाइंसराई सिफारिस | १००। |
| ४९. | सडक खन्ने सिफारिस | ५००। |
| ५०. | योजना संम्झौता सिफारिस | ५००। |
| ५१. | योजना सम्पन्नताको सिफारिस प्रति २ लाखका दरले - (0.0५%) | १००। |
| ५२. | मुहान दर्ता सिफारिस | १००। |
| ५३. | सरकारी घर, हल, कोठा पयोग गर्न दिए वापत सेवा शुल्क प्रति दिन | ५००। |
| ५४. | नागरिकता प्रतिलिपी सिफारिस | २००। |
| ५५. | घटना दर्ता (जन्म, बिवाह, बसाईसराइ, सम्वन्धविच्छेद, मृत्यु) प्रमाण पत्र | २००। |
| ५६. | घटना दर्ता (जन्म, बिवाह, बसाईसराइ, सम्वन्धविच्छेद, मृत्यु) प्रतिलिपि | ५००। |
| ५७. | गिट्टी, बालुवा, ढुगां , माटो प्रति ट्याक्टर बापत | ३००। |
| ५८. | गिट्टी, बालुवा, ढुगां , माटो प्रति ट्रक टिप्पर बापत | ५००। |

## अनुसूचि-८

(दफा १०सँग सम्बन्धित)

### पर्यटन शुल्क

| क.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | ७ दिन सम्मको लागि पर्यटक नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ५००। |
| २. | ७ दिन भन्दा बढि दिनको लागि पर्यटक नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | १०००। |
| २. | ७ दिन सम्मको लागि पर्यटक विदेशी नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ३०००। |
| ४. | ७ दिन भन्दा बढि दिनको लागि पर्यटक विदेशी नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ५०००। |
| ५. | पर्यटक नेपाली तथा विदेशी नागरिकको भरियाको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क बापत | ३००। |